# किशोर अवस्थाको विवाहले आमा र बच्चाको स्वास्थ्यमा पारेको असर

त्रिभुवन विश्व विद्यालय

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्षको

जनसङ्ख्या शिक्षाको आंशिक परिपूर्तिका लागि तयार पारिएको शोधपत्र


प्रस्तोता

सीतादेवी पौड्याल

त्रि.वि.द.नं. ६-१-२२-३९४-२००२

परीक्षा रोल नं. २१४०१९५

(जनसङ्ख्या समूह)

शैक्षिक वर्ष ०६६/०६७

स्वास्थ्य तथा जनसङ्ख्या विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ


२०७०

## शोधनिर्देशकको सिफारिस

**किशोर अवस्थाको विवाहले आमा र बच्चाको स्वास्थ्यमा पारेको असर** शीर्षकको शोधकार्य **सीतादेवी पौड्याल**ले मेरा निर्देशनमा सम्पन्न गर्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोध कार्यबाट म सन्तुष्ट रहेको छु । यसको मूल्याङ्कनका लागि विभाग समक्ष यो शोध प्रतिवेदन प्रस्तुत गर्दछु ।

मितिः २०७०/

.............................................

**शोधनिर्देशक**

**राजेन्द्र कार्की**

## विषयसूचि

**विषयवस्तु** **पृष्ठ सं.**


परिच्छेद एक

परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२.समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्य ४

१.५ अनुसन्धानात्मक प्रश्नहरू ५

१.६ अध्ययनको परिसिमा ५

परिच्छेद दुईः

सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाँका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ७

२.२ सैद्धान्तिक खाका ९

परिच्छेद तीन

अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा १०

३.२.१ नमुना छनौट प्रक्रिया १०

३.२.२ नमूना छनौट आधार १०

३.२ जनसङ्ख्या र नमूना ११

३.३ तथ्याङ्क संकलनका स्रोतहरू ११

३.४ अनुसन्धानका साधनहरू ११

३.५ तथ्याङ्क संकलन प्रक्रिया ११

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया ११

परिच्छेद चार

तथ्याङ् विश्लेषण प्रक्रिया


४.१ आफूखुशी विवाह गर्नेको स्थिति १३

४.२ किशोरी अवस्थामा विवाह गर्नुको कारण सम्बन्धी स्थिति १४

४.३ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था १५

४.४ पहिलो सन्तान जन्माउदा र विवाह विचको समयावधि सम्बन्धी स्थिति १७

४.५ पहिलो बच्चा जन्माउँदा आमाको उमेर सम्बन्धी स्थिति १८

४.६ विवाहको प्रकार सम्बन्धी स्थिति १९

४.७ परिवार किशोरावस्थामा विवाह गर्न राजी हुने स्थिति २१

४.८ किशोरीहरूको छिटो विवाह गर्नुको कारण सम्बन्धि विवरण २२

४.९ गर्भवती हुँदा गर्भ परिक्षणको अवस्था २४

४.१० गर्भवती परिक्षण नगराउनुको कारणको स्थिति २५

४.११ बच्चा जन्माएको स्थान सम्बन्धि विवरण २६

४.१२ गर्भ खेर जानुको कारण सम्बन्धि विवरण २७

४.१३ बच्चा जन्मिएको एक वर्षभित्र देखिएको समस्याको अवस्था २८

४.१४ बच्चा उपचार गराएको स्थानको विवरण २९

४.१५ बच्चालाई लगाएको खोपको स्थिति ३०

४.१६ बच्चालाई खोप नलागाउनुको कारण ३०

४.१७ बच्चा जन्माउँदा समस्याको स्थिति सम्बन्धी विवरण ३१

४.१८ गर्भवतीमा समस्या भएको बेला उपचार गर्ने ठाउँ ३३

४.१९ गर्भवती समस्यामा देखिएका समस्याको स्थिति ३४

४.२० गर्भवती अवस्थामा समस्या आउँदा उपचार गर्ने ठाउँको स्थिति ३५

परिच्छेदः-पाँच

सारांश, निष्कर्ष र सुझाव

५.१ सारांश ३६

५.२ निष्कर्ष ३८

५.३ सुझाव ३९

सन्दर्भसामग्री

परिशिष्ट

# तालिका सूचि

| तालिका नं. विषय | पृष्ठ नं. |
|---|---|
| तालिका नं.१: आफूखुशी विवाह गर्नेको स्थिति | १३ |
| तालिका नं.२: किशोरी अवस्थामा विवाह गर्नुको कारण सम्बन्धी विवरण | १४ |
| तालिका नं: ३ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था | १६ |
| तालिका नं : ४ पहिलो सन्तान जन्माउदा र विवाह बिचको समयावधि सम्बन्धी स्थिति | १७ |
| तालिका नं ५: पहिलो बच्चा जन्माउँदा आमाको उमेर सम्बन्धी स्थिति | १८ |
| तालिका नं. ६ : विवाहको प्रकार सम्बन्धी स्थिति | २० |
| तालिका नं. ७ परिवार किशोरावस्थामा विवाह गर्न राजी हुने स्थिति | २१ |
| तालिका नं. ८: किशोरीहरूको छिटो विवाह गर्नुको कारण सम्बन्धि विवरण | २३ |
| तालिका नं ९: गर्भवती हुँदा गर्भ परिक्षणको अवस्था | २४ |
| तालिका नं १० गर्भवती परिक्षण नगराउनुको कारणको स्थिति | २५ |
| तालिका नं. ११ : बच्चा जन्माएको स्थान सम्बन्धि विवरण | २६ |
| तालिका नं.१२: गर्भ खेर जानुको कारण सम्बन्धि विवरण | २७ |
| तालिका नं. १३: बच्चा जन्मिएको एक वर्षभित्र देखिएको समस्याको अवस्था | २८ |
| तालिका नं. १४: बच्चा उपचार गराएको स्थानको विवरण | २९ |
| तालिका नं. १५: बच्चालाई लगाएको खोपको स्थिति | ३० |
| तालिका नं.१६ : बच्चालाई खोप नलागाउनुको कारण | ३१ |
| तालिका नं. १७: बच्चा जन्माउँदा समस्याको स्थिति सम्बन्धी विवरण | ३२ |
| तालिका नं. १८: गर्भवतीमा समस्या भएको बेला उपचार गर्ने ठाउँ | ३३ |
| तालिका नं. १९: गर्भवती समस्यामा देखिएका समस्याको स्थिति | ३४ |
| तालिका नं. २०: गर्भवती अवस्थामा समस्या आउँदा उपचार गर्ने ठाउँको स्थिति | ३५ |

## चित्र सूचि


| तालिका नं. विषय | पृष्ठ नं. |
|---|---|
| चित्र नं.: १: किशोरी अवस्थामा विवाह गर्नुको कारण सम्बन्धी विवरण | १५ |
| चित्र नं.: २ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था | १७ |
| चित्र नं.: ३ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था | १९ |
| चित्र नं.: ४ विवाहको प्रकार सम्बन्धी स्थिति | २० |
| चित्र नं.: ५ परिवार किशोरावस्थामा विवाह गर्न राजी हुने स्थिति | २२ |
| चित्र नं.: ६ किशोरीहरूको छिटो विवाह गर्नुको कारण सम्बन्धि विवरण | २३ |
| चित्र नं.: ७ गर्भवती हुँदा गर्भ परिक्षणको अवस्था | २५ |

**सारसंक्षेप**

इलाम जिल्ला दानावारी वडा नं. ४ मा किशोरावस्थाको विवाहले किशोरी आमा र तिनीहरका बच्चाको स्वास्थ्यमा पारेको असर पत्ता लगाउन भन्ने शिर्षक छनौट गरिएको छ। यसमा तीन वटा उद्देश्यहरू राखिएको छ। किशोरीवस्थामा विवाहको कारण पत्ता लगाउन, किशोरावस्थामा विवाह भएका आमाहरूको स्वास्थ्यमा देखिएको समस्या पत्ता लगाउन र किशोरी आमाहरूको जन्म भएका बच्चाहरूको स्वास्थ्यमा देखिएको असर पत्ता लगाउन।

वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ। अध्ययनक्षेत्रका किसोराअवस्थामा विवाह गरेर किशोरावस्थामा नै आमा बनेका ५० जना किशोरी आमाहरूलाई नमुनाको रूपमा छनौट गरिएको छ। यस अध्ययनमा उद्देश्यपूर्ण नमुना छनौट विधिको प्रयोग गरिएको छ। यसका लागि खुला तथा बन्द प्रश्नावलीको माध्यमबाट अन्तर्वार्तालाई अनुसन्धाका साधनको रूपमा प्रयोग गरिएको छ।

नमूनामा परेका ५० जना किशोरी आमाहरूमा आफन्तले केटा राम्रो छ भनेर, करकापमा परेर, आमाले केटाको परिवार राम्रो छ भनेर, सँगैको साथीको विवाह छिटो भएर र आफै केटा मन पराएर छिटो विवाह गरेको पाइयो। यसरी हेर्दा २१ ज्ना वा ४२ प्रतिशत वा आमाले कटाको परिवार राम्रो छ भनेर छिटो विवाह हुने गरेको पाइयो। त्यस्तै किशोरावस्थामा विवाह गरेर किशोरावस्थामा नै आमा बनेका किशोरी आमाहरूलाई गर्भवती भएको समयमा तल्लो पेट दुख्नृ, बढी रगत बग्ने र पाठेघर झरेजस्तो हुने समस्या भएको पाइयो। यसरी नै किशोरी आमाबाट जन्मेका बच्चालाई १ वर्ष भित्र निमोनिया, ज्वारो आउन र झाडापखाला लाग्ने जस्ता स्वास्थ्य समस्या देखिएको पाइयो।

निष्कर्षमा भन्नुपर्दा उक्त क्षेत्रका किशोरीहरूमा उचित शिक्षा दिक्षाको अभावले गर्दा उनीहरूको कलिलो उमेरमा नै विवाह हुने गरेको पाइयो उनीहरूलाई किशोरावस्थमा विवाह गर्नु हुँदैन यसले आमा र बच्चाको स्वास्थ्यमा नकरात्मक असर पर्छ भन्ने ज्ञानको कमी रहेको पाइयो। जसले गर्दा उनीहरूबाट जन्मेका सन्तानलाई विभिन्न स्वास्थ्य समस्याले पनि सताउने गरेको पाइयो।

## परिच्छेद एकः परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

किशोर अवस्था भन्नाले मानब विकासको चरणमा देखा पर्ने एक महत्वपूर्ण अवस्था हो । यो बालबालिका जन्मे र १२ वर्षको उमेर पार गरेपछि १३ वर्षबाट १९ वर्षसम्म रहन्छ । किशोर अवस्था जैविक गुण र सामाजिक, सांस्कृतिक परिवेश बीचको द्वन्दबाट विकास अवस्थाले बाल्यवस्थाको शारिरीक, मानसिक संवेगात्मक तथा सामाजिक विकासको परिपक्कतालाई प्रतिनिधित्व गर्दछ (भट्टराई,२०६९) ।

विवाह मानब जीवनको महत्वपूर्ण पाटो हो । कुनै पनि व्यक्ति आफ्नो जिम्मेवारलिाई पूरा गर्नका लागि योग्य, क्षमतावान हुन्छ त्यसपछि उसले बैवाहिक जीवनको सुरुआत गर्दछ । कुनै पनि व्यक्ति शारिरिक, मानसिक, मनोवैज्ञानिक र संवेगात्मक रूपमा परिपक्क अवस्थामा पुग्दछ त्यसपछि यसले जीवनलाई अझ सहज तरिकाबाट विताउनका लागि विवाह गर्दछ । उमेर पुगेका केटा र केटीलाई सामाजिक रूपमा सँगै बस्नाका लागि स्वकिृति दिने सामाजिक परिवन्ध नै विवाह हो । नेपालको कानुनमा केटा २१ बर्ष पूरा भएपछि र केटी १९ वार्ष पूरा भएपछि पाइन्छ । भन्ने मान्यता रहेको छ । कानुन र नियमका कुरा यि भएपनि नेपालमा विवाह गर्ने व्यवहारिक पाटो अलि फरक छ । नेपालदमा प्राय केटीहरूको विवाह १५ वार्ष देखि १८/१९ वर्षको बीचमा भइसकेको हुन्छ (ढकाल, २०६६)।

किशोर अवस्थामा विवाह गर्दा आमा र तिनीबाट जन्म हुने बच्चाको स्वास्थ्यमा समस्या देखा पर्ने गर्दछ । नेपालको मातृ मृत्युदर उच्च हुनुमा पनि किशोर अवस्था पार नगर्दै केटीहरूको विवाह गरिदिनु र यसरी अपरिपक्क आमाबाट चाँडो बच्चा जन्माउनु हुन सक्छ ।

रेग्मि (२००५), का अनुसार ३९.८ प्रतिशत महिलाहरूको विवाह १५ देखि १९ वर्षको बीचमा भइसकेको हुन्छ । त्यस्तै १८ वर्ष पूरा गरेका २० प्रतिशत महिलाहरूले २ वा २ भन्दा बढी बच्चा जन्माएको देखिन्छ । नेपालमा केटीहरूको पहिलो बच्चा जन्माउने  उमेर १५ देखि १७ देखिन्छ । किशोर अवस्थाको अन्त्य तिर त उनीहरू १ भन्दा बढी बच्चा जन्माइसकेका हुन्छन् ।

रेग्मी,(२००५) का अनुसार विवाह परापूर्वकालदेखि गरिँदै आएको एउटा प्रचलन हो । नेपालको परिप्रक्ष्यमा सन्तान उत्पादन गर्नका लागि कानुनी रूपमा मान्यता विवाह पछि मात्र प्राप्त गर्न सकिन्छ । विवाहले सन्तान उत्पादन गरेर देशमा भावी सन्ततिहरूको जन्म दिइरहन्छन । तर विवाह शारिरीक, मानसिक तथा संवेगात्मक रूपमा आफू तयारी भएपछि मात्र गर्नु पर्दछ । किशोर अवस्था वा विवाहको लागि योग्य नहुँदै गरेको विवाहले विभिन्न स्वास्थ्य समस्या मात्र देखा पर्दछ । Gillin and Gillin का अनुसार 'परिवारको सृजनाका लागि सामाजिक रूपमा मान्यत दिने प्रकृया नै विवाहा हो ।'

महरा, (२००६) का अनुसार किशोर अवस्था भनेको आफ्नो जविनको लक्ष्य निर्धारण गर्ने उमेर हो । यस समयावधिमा पढ्ने, लेख्ने, सीप हाँसिल गर्ने जसले भविष्यको जविन सहज बनाउन मद्दत गर्दछ । यस समयमा विवाह गर्ने होइन । किशोर अवस्थामा नै विवाह गर्दा आमा बच्चा जन्माउनका लागि शारिरिक रूपमा परिपक्क भइसकेकी हुँदिनन् । यसरी अपरिपक्क अवस्थामा जन्म भएको बच्चाको स्वास्थ्यमा पनि समस्या आउँछ र आमाको स्वास्थ्य पनि विग्रन्छ । चाँडो विवाहले चाँडै महिलाहरू बच्चा जन्माउन तयारी हुन्छन् । यसले उनीहरूको स्वास्थ्यमा खतरा देखा पर्न सक्छ । विकासन्मुख राष्ट्रका ५० प्रतिशत महिलाहरूले २० वर्ष नपुग्दै बच्चा जन्माउने गर्दछन । १७ वर्ष भन्दा कमको गर्भअवस्थालाई जोखिमपूर्ण मानिन्छ । यसले आमा र बच्चा दबैको स्वास्थ्यमा समस्या देखापर्न सक्छ । विभिन्न प्रकारको रोग लाग्नु साथै अपरिपक्कउमेरमा नै बच्चा जन्माउने बच्चा गर्भमा नै खेर जान सक्छ । जसले आमाको स्वास्थ्यमा खतरा देखा पर्न सक्छ ।

अहिलेका युवायुवतीहरू सही जानकारीको अभावले हो वा आफूखुशी, अर्थात परिवारको करकापमा परेर हो किशोर अवस्थामा १५ देखि १८/१९ वर्षको बीचमा नै विवाहा गर्ने गरेको देखिन्छ । उनीहरूलाई आफू शारिरीक मानसिक रूपमा विवाहका लागि र बच्चा जन्माउनका लागि योग्य नहुँदै विवाह गर्दा आफ्नो र आफूबाट जन्म हुने बच्चाको स्वास्थ्यमा समस्या देखा पर्दछ भन्ने चेतनाको अभाव देखिन्छ । जसले गर्दा उनीहरू कलिलो उमेरमा नै विवाह गर्दछन् । यसरी अपरिपक्क उमेरको विवाहले आमा र बच्चा दुवैको स्वास्थ्यमा नकरात्मक असर पर्दछ । नेपालको परिपेक्ष्यमा अहिले किन युवायुवतीहरू किशोर अवस्थामा नै विवाह गर्दैछन् ।

### १.२ समस्याको कथन

इलाम जिल्लाको दानबारी गा.वि.स वडा नं. ४ मा रहेका विवाहित महिलाहरू समुदायमा शैक्षिक चेतनाको अभावमा छोरीहरूलाई पढाउनु भन्दा पनि विवाह गरेर पठाइ दिएमा आफ्नो जिम्मेवारी पूरा हुने र आफूले चाँडै नतिनातिना देख्न पाउने जस्ता गलत सोँचले गर्दा छोरीहरूको विवाह चाँडो गरिदिन्छन् । यसरी किशोर अवस्थामा नै विवाह गरेर बच्चा जन्माउँदा उनीहरू र बच्चाको स्वास्थ्यमा समस्या देखा पर्दछ भन्ने चेतनाको अभाव छ । यस समुदायमा छोरीको विवाह चाँडो गरिदिनुको कारण, चाँडो विवाह पछि जन्मेको बच्चा र आमाको स्वस्थ्यमा के कस्ता समस्या देखापर्न सक्छन् भन्ने जानकारी लिन यो शिर्षक छनौट गरिएको हो ।

साँच्चै उनीहरूको सामाजिक, सांस्कृतिक प्रभावको कारणले नै उनीहरूको विवाह चाँडो भएको त होइन ? वा उनीहरू आफैं राजीखुशी चाँडो विवाह गर्दछन् । अर्थात अभिभावकको करकापमा परे चाँडो विवाह गर्दछन् । उनीहरूलाई छिटो विवाह गरेर बच्चा जन्माउँदा आमा र बच्चाको स्वास्थ्ययमा समस्या देखा पर्दछ ?

नेपालको परिप्रेक्ष्यमा अझैसम्म पनि छोरीको विवाह चाँडो गरिदियो भने आमा बाबुले पुण्य कमाउन सकिन्छ भन्ने गलत सोचको अन्त्य हुन सकेको छैन । कानुनले केटी १९ वर्ष पूरा गरेपछि र केटा २१ वर्ष पूरा गरेपछि मात्र विवाहका लागि हुन्छ प्रावधान बनाए पनि ग्रामिण तथा शहरी दुवे क्षेत्रमा कही सही ज्ञानको कमीले त कही देखासेकी गरेर युवायुवतीहरू किशोर अवस्था पार नगर्दै विवाह गर्ने गर्दछन् । देशमा अझसम्म पनि चाँडो विवाह गर्ने परिपाटीको अन्त्य हुन सकेको छैन । यसरी देशव्यापी रूपमा चाँडो विवाह र त्यसपछि देखिने समस्याले आमा र बच्चाको स्वास्थ्य खतरामा परेको कारणले त मातृ तथा शिशु मृत्युदर उच्च भएको होइन । यस्तो अवस्थामा नेपालको उक्त ग्रामिण क्षेत्रमा के कारणले केटीहरूको विवाह चाँडो सन्तान जन्माउँदा आमाको स्वास्थ्यमा के कस्ता असरहरू देखा पर्ने रहेछन् । भन्ने जानकारी हाँसिल गर्न यो शिर्षक छनौट गरेर अनुसन्धान गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

यस अध्ययन इलाम जिल्लाको दानवारी गा.वि.स. वडा नं. ४ कालीखोला समुदायमा किशोर अवस्थाको विवाहको कारण र किशोरा अवस्थाको विवाहले आमा र वच्चाको स्वस्थ्यमा देखिने असरसँग सम्बन्धित छ । यस अध्ययनको महत्व तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) उक्त क्षेत्रका समुदायका महिलाहरूले किशोर अवस्थामा विवाह गर्नुका कारण पत्ता लगाउन मद्दत गर्नेछ ।

(ख) किशोर अवस्थामा विवाह गर्दा आमाको स्वास्थ्यमा देखिएको असर पत्ता लगाउन मद्यत गर्नेछ ।

(ग) किशोर अवस्थामा विवाह गरेको आमाहरूबाट जन्मेका बच्चाहरूको स्वास्थ्यमा देखिने असर पत्ता लगाउन मद्दत गर्नेछ ।

(घ) छोरीको विवाह चाँडो गरिदिँदा आमा र बच्चा दुवैको स्वास्थ्यमा समस्या देखा पर्नसक्छ । त्यसैले केटीहरूको विवाह उनीहरू शारिरीक, मानसिक, संवेगात्मक रूपमा परिपक्क भएपछि मात्र गर्नु पर्दछ भन्ने जानकारी प्रदान गर्न मद्दत पुऱ्याउनेछ ।

(ङ) प्राप्त नतिजाले उक्त क्षेत्रमा यस विषयसँग सम्बन्धित कार्यक्रम निमार्ण गर्न स्थानीय निकायलाई मद्दत पुऱ्याउनेछ ।

(च) केटीहरूको विवाह ढिलो गर्दा आमा र उसबाट जन्म हुने बच्चाको स्वास्थ्य राम्रो हुनका साथै मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउन समेत मद्दत पुऱ्याउन सक्छ भन्ने जानकारी उक्त क्षेत्रका सम्बन्धित निकाय र सर्वसाधरणलाई प्रदान गर्न मद्दत पुऱ्याउनेछ ।

### १.४ अध्ययनको उद्देश्य

उद्देश्यले कुनै पनि कार्यलाई सफल रुपमा सम्पन्न गराउनका लागि मार्गनिर्देशन प्रदान गर्दछ । उद्देश्यविनाको कार्य लगाम विना छोडेको घोडा जस्तौ हुन्छ त्यसैले उक्त कार्यको लागि निम्न उदेश्यहरु राखिएको छः

(क) उक्त समुदायका महिलाहरूको किशोर अवस्थामा विवाह गर्नुको कारण पत्ता लगाउन ।

(ख) किशोर अवस्थामा विवाह भएका किशोरी आमाहरूको स्वास्थ्यमा देखिएको असर पत्ता लगाउन ।

(ग) किशोर अवस्थामा विवाह भएका किशोरी आमाहरूबाट जन्म भएका बच्चाहरूको स्वास्थ्यमा देखिने असर पत्ता लगाउन ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानमा निम्न प्रश्नहरूको आधारमा तथ्याङ्क सङ्कलन गरिने छ :

(क) किशोर अवस्थामा विवाह हुनुका कारण  केके हुन सक्छ ?

(ख) किशोर अवस्थामा विवाह गर्दा उक्त समुदायका महिलाहरूमा देखिएको असर केके हुन ?

(ग) किशोरी आमाहरूबाट जन्मभएका बच्चा भएका बच्चाहरूको स्वास्थ्यमा कस्तो असर देखा पर्ने गर्दछ ।

(घ) उक्त समुदायका अभिभावकले छोरकिो विवाह छिटो गर्नुको कारणहरू केके हुनसक्छ ?

## १.६ अध्ययनको परिसिमा

यस अध्ययनको परिसिमा निम्नानुसार राखिनेछ :

(क) इलाम जिल्लाको दानावारी गा.वि.स. वडा नं. ४ का कालीखोलामा मात्र सिमित रहेको छ  ।

(ख) उक्त गा.वि.स. का वडा नं. ४ कालिखोला समुदायका किशोर अवस्थामा विवाह भएर किशोरी अवस्थामा नै वच्चा जन्माएका महिलाहरूमा मात्र सिमित रहेकोछ ।

(ग) किशोर अवस्थामा विवाह भएका किशोरी महिलाहरूको स्वास्थ्यमा देखिएको असर खोज्न मात्र सिमीत गरिएको छ ।

(घ) उक्त समुदायका केटीहरूको विवाह किशोरी अवस्थामा हुनुको कारण खोज्न सिमित गरिएको छ ।

(ङ) किशोर अवस्थामा विवाह भएका किशारी महिलाहरूबाट जन्म भएका बच्चाहरूको स्वास्थ्यामा देखिएको असर खोज्न सिमीत रहेको छ ।

(च) दानावारी गा.वि.स. वडा नं. ४ का समुदायका ४१५ घरधूरी भित्रका ५०० किशोर अवस्थामा विवाह भएर किशोराअवस्थामा नै आमा बनेका किशारी महिलाहरूमा मात्र सिमीत रहेको छ ।

**१.७ अध्ययनमा प्रयोग भएका शब्दावलीहरूको परिभाषा**

किशोरअवस्था = मानब विकासको एउटा चरण जुन बालबालिकामा १३ वर्ष देखि १९ वर्ष सम्म रहन्छ ।

देखासिकी = अरुको नक्कल गर्नु

# परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावालोकन

यस परिच्छेदमा यो अध्ययनसँग सम्बन्धित सामग्रीहरूको अध्ययन गरेर आवश्यक पर्ने आफ्नो विषयसँग मिल्ने विषयवस्तुको छनौट गरि लेखिएको छ । यस विषयको अध्ययनको क्रमममा विभिन्न क्षेत्रका विषय विशेषज्ञद्वारा समयसमयमा जाकारीहरू विभिन्न अप्रकाशित थेसिहरू, लेखहरू र अन्य पुस्तकहरू गहन अध्ययन गरी यस विषयसँग मिल्ने विषयवस्तु यहाँ प्रस्तुत गरिएको छ ।

महरा, २००७ का अनुसार विकासोन्मुख राष्ट्रहरूमा २० देखि ५० प्रतिशत महिलाहरूको किशोर अवस्थामा नै विवाह हुने गर्दछ । जसमा ८ देखि १८ प्रतिशत महिलाहरूको विवाह १५ वर्षमा नै भइसक्छ । पूर्वी एशियामा सबैभन्दा थोरै ८ प्रतिशत र दक्षिण अफ्रिकामा सबैभन्दा बढी ५६ प्रतिशत महिलाहरूको जन्म दिइसकेका हुन्छन् । यता विकसित देशहरूमा १०% बच्चाहरू मत्र किशोर अवस्थाका आमाहरूबाट जन्मने गर्दछन् ।

रेग्मी, २००५ का अनुसार किशोरवस्था भन्नाले मानबजीवनको तीब्र वृद्धि र विकास हुने उमेर  हो । यस अवस्थामा पुरुष तथा महिलाहरूको तिब्र शारिरीक परिवर्तन हुने गर्दछ भने उनीहरू मानसिक रूपमा परिपक्क हुने उमेर पनि भन्ने गरिन्छ । १०-१९ वर्ष उमेर समूहमा पर्ने केटाकेटीहरू नै किशोरावस्था भित्र पर्ने गर्दछन् ।

अन्त, २००६ का अनुसार किशोरअवस्थामा मानब जविनको उउटा महत्वपूर्ण चरण हो । बाल्यअवस्था र वयस्क अवस्था बीचको समय नै किशोरावस्था हो । १०-१९ वर्षसम्मका उमेर समूहमा पर्ने केटाकेटीहरू नै किशोरवस्था भित्र पर्दछन् । सामान्यतयाः किशोरावस्था १०-१४ र १५ देखि १९ वर्ष गरेर दुई समूहमा विभाजन गरेर हेर्न सकिन्छ।

घिमिरे,२००५विश्वमा 14 Million बच्चा वा १०.६ प्रतिशत बच्चाहरू किशोर अवस्थाका आमाहरूबाट जन्मने गर्दछन् । एशियामा ६ million वा ८ प्रतिशत बच्चाहरू किशोरी आमाहरूबाट जन्मने गर्दछन् । नेपालमा पनि महिलाहरूको विवाह छिटो हुने भएकाले किशोरी आमाहरूको सङ्ख्या उल्लेख्य देखिन्छ ।

Nepal Family Health survey(1996), नेपाल एशियामा उत्तर उच्च मातृमृत्युदर भएको एउटा देश हो । जहाँ प्रति १ लाख जिवीत जन्ममा ५३९ आमाहरूको मृत्यु हुने गर्दछ , नेपालमा २३।७२ प्रतिशत जनसङ्ख्या किशोर किशोरकिशोरीहरूको रहेको छ । २००२ को CBS को तथ्याङ्क अनुसार कुल जनसङ्ख्यामा ८८.८२ प्रतिशत किशोरकिशोरी हरूको जनसङ्ख्या रहेको देखिन्छ ।

NDSH (2011) का अनुसार १५-४९ वर्षका आमाबाट भएको जन्म ८१ जना प्रतिहजार छ । जसमा गाउँमा ८७, सहरमा ४२ प्रतिहजार छ । जुन २०६६ मा ९८ जना प्रतिहजार थियो । जसमा गाउँमा १०३ र शहरमा ७२ जना प्रतिहजार रहेको छ ।

बच्चाको मृत्युदरको तुलनात्मक अध्ययन निम्नानुसार तालिका प्रस्तुत गरिएको छः

तालिका नं.१ः बच्चाको मृत्युदरको तुलनात्मक अध्ययन विवरण

| विवरण | १९९१ | १९९६ | २००१ | २००६ | २०११ |
|---|---|---|---|---|---|
| नवजात शिशु | - | ५० | ३९ | ३३ | ३३ |
| शिशु अवस्था | १०२ | ७९ | ६४ | ४८ | ४६ |
| पूर्व बाल्यअवस्था | - | ४३ | २९ | १४ | ९ |
| वाल्यअवस्था | - | ११८ | ९१ | ६१ | ५४ |

FP/MCH (1986) का अनुसार १९७७/७८ मा ८५० प्रतिलाख रहेको पाइन्छ ।

1991 र 1991मा ५१९ र ५३३ प्रतिलाख पाइएको तर ५५० कै हाराहारिमा रहेको अनुमान गरेको देखिन्छ । अनुसार १९७७/७८ मा ८५० प्रतिलाख रहेको पाइन्छ ।


NDSH (2006) ले २८१ प्रतिलाख अनुमान गरेको तर सो भन्दा धेरै रहेको देखियो । किनभने २०११मा DBA (Skilled Birth Attendenee) अस्पताचलमा वा डाक्टर वा विशेषज्ञको निगरानीको जन्म जम्मा ३६% मात्र छ जुन २००६ मा १९% महिला मात्र थियो ।

रेग्मी, २००५ का अनुसार नेपालको कुल जनसङ्ख्या १०.७२ प्रतिशत मानिसहरुको किशोरहरूको विवाह चाँडो हुने गर्दछ। समग्रमा नेपालको परिप्रेक्षमा केटाहरूको भन्दा केटीहरूको विवाह किशोरअवस्था धेरै हुने गर्दछ।

## २.२ सैद्धान्तिक आधार

यस अध्ययनका लागि मानव स्वास्थ्यसँग सम्बन्धित सिद्धान्त अन्तर्गतको Mosley and chain ले १९८४ मा प्रतिपादन गरेको सिद्धान्त तल उल्लेख गरिएको छः

चित्र नं १   मानव स्वास्थ्यसँग सम्बन्धित Mosley and chain सिद्धान्त



# परिच्छेद तीन :अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान एक नयाँ कुराको खोजी गर्नु हो । यस शोधपत्र तयार पार्ने क्रममा अनुसन्धानलाई उद्देश्य मूलक बनाउन परिमाणात्मक ढाँचामा वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमूना

यस अनुसन्धानमा इलाम जिल्लाको दानवारी गा.वि.स. वडा नं. ४ मा रहेका किशोर अवस्थामा विवाह भएका सम्पूर्ण महिलाहरू पर्ने छन् ।

यस अनुसन्धानका लागि उक्त गा.वि.स.का वडा नं.४ मा रहेको समुदायका ४१५ घरधूरीका ५३४ विवाहित महिला मध्ये ५० जना  किशोर अवस्थामा विवाह भएर किशोरावस्थमा नै आमा बनेका किशोरी आमाहरूलाई नमूनाको रूपमा लिइउको छ

### ३.२.१ नमुना छनौट प्रक्रिया

यस अनुसन्धानका लागि सम्भावना रहित ननमूना छनौट विधि अन्तर्गत उदेश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको छ । जसमा कालीखोलाका विवाहित महिलाहरुमा किशोरी आमाहरुलाई नमुनाको रुपमा छनौट गरिएको छ ।

### ३.२.२ नमूना छनौट आधार

यस अनुसन्धानको लागि सम्भावना रहित नमुना अन्तर्गत उद्देश्यपूर्ण नमुना छनौट विधिलाई गरिएको छ । यस अनुसन्धानमा दानावारी ४ कालीखोलामा रहेका किशोरावस्थाका विवाहित महिलाहरुमध्येबाट किशोरावस्थामा नै आमा बनेका किशोरी आमाहरुलाई नमुना छनौट आधार बनाइएको छ ।

### ३.३ तथ्याङ्क संकलनका साधनहरू

यस अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा निम्न स्रोतहरूको प्रयोग गरिने छ :

#### ३.३.१ प्राथामिक स्रोत

यस अनुसन्धानमा आफ्नो नमुना छनौटमा परेका उत्तरदाताबाट प्रत्यक्ष रूपमा सम्पर्क गरेर बन्द र खुल्ला प्रश्नावली मार्फत अन्तवार्ताबाट संकलन गरिएको तथ्याङ्क नै प्राथमिक श्रोतको रूपमा लिइएको छ ।

#### ३.३.२ द्वितीय स्रोत

यस अनुसन्धानलाई सहायक हुन सक्ने सन्दर्भसामग्री, पत्रपत्रिका, जिल्लाको पाश्वचित्र, स्वास्थ्य चौकी, दानावारी गा.वि.स.को विभिन्न नियकाबाट प्राप्त सूचना वा तथ्याङ्क द्वितीय स्रोतको रूपमा लिइनेछ ।

### ३.४ अनुसन्धानको साधन

यस अनुसन्धानमा विभिन्न तथ्याङ्क संकलन गर्नका लागि बन्द तथा खुल्ला प्रकृतिका प्रश्नहरू निर्माण गरी अन्तर्वाताको माध्यमबाट तथ्याङ्कहरू संकलन गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अनुसन्धानको विषयमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा आफ्नो विषयको नमुना छनौटमा परेका इलाम दानावार-४ का किशोर अवस्थामा विवाह गरेर किशारावस्थामा नै आमा बनेका किशोरी महिलाहरूसँग प्रत्यक्ष रूपमा भेटेर आफुले निमार्ण गरेका प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता लिदै तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूलाई सर्वप्रथम तालिकीकरण गरिएको छ । उक्त तालिकीकरणलाई अझ प्रष्ट पार्ने उद्देश्यले विभिन्न तालिकाका विभिन्न ग्राफिक चित्रहरूमा

प्रस्तुत गरिएछ । यसरी प्रस्तुत गरिएका तालिका र ग्राफिक चित्रहरूको व्याख्या र विश्लेषण गरिएको छ । अनुसन्धानबाट प्राप्त सम्पूर्ण तथ्याङ्कहरूको विश्लेषण गर्ने क्रममा विभिन्न चरणहरू बीचको सम्बन्धलाई पनि तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययन दानावारी वडा नं. ४ मा रहेका किशोरावस्थामा विवाह भएर किशोरावस्था नै आमा बनेका महिलाहरूमा विवाह छिटो गर्नुको कारण र यसरी किशोरावस्थामा नै विवाह गरेर आमा हुँदा बच्चा र आमाको स्वास्थ्यमा कस्तो असर पर्दछ भन्ने जानकारी हाँसिल गर्न सञ्चालनमा ल्याइएको थियो । यस क्षेत्रका ५० जना किशोरी अवस्थामा विवाह गर्नुको कारण सोध्दा आमाबुवाले गर्नु पर्दछ भनेर कारकापमा परेर र अन्य कारणहरू बताए । यसरी छिटो विवाह गरेर किशोरीअवस्थामा नै आमा बनेका महिलाहरूमा अधिकाशं स्वास्थ्य समस्या देखा परेको बताए । उनीहरूबाट जन्मेका सन्तानमा पनि विभिन्न स्वास्थ्य समस्या देखियो । यसको विस्तृत जानकारी तल प्रस्तुत गरिएको छः

## ४.१ आफूखुशी विवाह गर्नेको स्थिति

यस अध्ययन इलाम जिल्लाको दानावारी वडा नं. ४ मा रहेका किशोरी अवस्थामा विवाह भएका किशोरी महिला नमूना जनसङ्ख्यामा परेका छन् । उनीहरूलाई तपाईंले विवाह आफू खुशी गर्नु भएको हो वा होइन भनेर सोधिएको प्रश्नवाट प्राप्त जानकारी तलको तालिकामा प्रस्तुत गरिएका छः

**तालिका नं.१ः आफूखुशी विवाह गर्नेको स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हो | ९ | १८ |
| होइन | ४१ | ८२ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकामा दानावारी वडा नं. ४ का यस नमुना क्षेत्रभित्र परेका ५०जना किशोरावस्थामा विवाह भएका महिलाहरूमा ९ जना (१८%) आफूखुसी विवाह गरेको बताए । त्यस्तै ४१ जना (८२%) ले आफू खुशी विवाह नगरेका पाइयो ।

यसरी यस क्षेत्रभित्रका किशोरीहरूमा केहीले आफै छिटो विवाह गर्दा रहेछन् भने प्रायको अन्य कुनै कारणले गर्दा विवाह छिटो गरेको पाइयो ।

### ४.२ किशोरी अवस्थामा विवाह गर्नुको कारण सम्बन्धी स्थिति

यस अध्ययन इलाम दानावारी वडा नं. ४ मा रहेका किशोरीवस्थामा विवाह गरेको होइन भन्न किशोरी महिलाहरूमा के कारणले विवाह गर्नु परेको रहेछ भनि अनुसन्धान गर्दा निम्न कारणहरू पाइयो । जसलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छः

**तालिका नं.२ः किशोरी अवस्थामा विवाह गर्नुको कारण सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आमाबवुवाले भनेर | १८ | ४३.९० |
| करकापमा परेर | १६ | ३९.०२ |
| अन्य | ७ | १७.०७ |
| जम्मा | ४१ | १०० |


**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकाका अनुसार दानावारी वडा नं.४ का ४१ जना किशोरावस्थामा विवाह भएका महिलाहरूमध्ये १८ जना अर्थात ४३.९० प्रतिशतले आमाबुवाले भनेर छिटो विवाह गरेको बताए । १६ जना अर्थात ३९.०२ प्रतिशतले कारकापमा परेर विवाह गरेको बताए त्यस्तै ७ जना अर्थात १७.०७४ प्रतिशतले छिटो विवाह गर्नुको कारण अन्य भएको बताइ ।

यसरी यस क्षेत्रमा अभिभावकले आफ्ना सन्तानलाई छिटो विवाह गरेर पठाइदिए आफ्नो जिम्मेवारी छिटो पूरा गरेको देखियो । उनीहरूमा आफ्नो जिम्मेवारी छिटो पूरा गरेको देखियो ।

उनीहरूमा आफ्ना सन्तानलाई पढाउनु, आत्मनिर्भर। सक्षम, सचेत बनाउनु पर्छ भन्ने चेतनाको कमी रहेको पाइयो । यसरी यहाँका किशोर किशोरीहरूको आमाबाबुले छिटो विवाह गरिदिन्छन् । केही भने बाध्यतामा परेर पनि छिटो विवाह गरेको पाइयो । जसलाई स्पष्ट पार्न तलको स्चम्भ चित्रमा देखाइएको छ

**चित्र नं.१: किशोरी अवस्थामा विवाह गर्नुको कारण सम्बन्धी विवरण**




**४.३ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था**

यस अध्ययनमा इलानमा दानावारी वडा नं. ४ मा रहेका किशोरावस्थामा विवाह भएका महिलालाई तपाइँ विवाह गर्दा कति वर्षको हुनुहुन्थ्यो भनेर सोधिएको प्रश्नबाट प्राप्त जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका नं: ३ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था**


| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५ वर्ष | ३ | ६ |
| १६ वर्ष | ६ | १२ |
| १७ वर्ष | १४ | २८ |
| १८ वर्ष | ११ | २२ |
| १९ वर्ष | ९ | १८ |
| २० वर्ष | ७ | १४ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकामा यस अध्ययन क्षेत्रको नमुना जनसङ्ख्या परेका ५० जना किशोरावस्थामा विवाह गरेका महिलाले तपाईं विवाह गर्दा कति वर्षको हुनुहुन्थ्यो भनी सोधिएको प्रश्नमा ५० जना नै अर्थात १०० प्रतिशतले नै १५-२० वर्षभन्दा कम उमेरमा विवाह गरको पाइयो । जसमध्ये ३ जना वा ६% ले १५ वर्षमा, ६ जना वा १२% ले १६ वर्षमा, १४ जना वा २८% ले १७ वर्षमा, ११ जना वा २२% ले १८ वर्षमा, ९ जना वा १८% ले १९ वर्षमा र ७ जना वा १४ प्रतिशतले २० वर्षमा विवाह गरेको पाइयो ।

यसरी यस क्षेत्रका किशोरीहरूको विवाह १५-२० वर्षको विचमा भइसकेको पाइयो । उनीहरूले आफ्ना अभिभावकको कुर मान्न वा आफू खुशी अर्थात अन्य जुनै कारणले विवाह गरेपनि किशोरावस्था पार गरिनसकी विवाह गरेको देखियो । उक्त विवरणलाई अझ स्पष्ट पार्नको लागि वृत्त चित्रमा प्रस्तुत गरिएको छः

चित्र नं:२ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था




## ४.४ पहिलो सन्तान जन्माउदा र विवाह विचको समयावधि सम्बन्धी स्थिति

यस अध्ययनमा दानावारी वडा नं. ४ मा रहेका किशोरावस्थामा विवाह भएका किशोरी आमाहरूलाई तपाईँहरूले विवाह गरेको कति समय पछि पहिलो सन्तान जन्माउनु भयो भनेर सोधिएको प्रश्नवाट प्राप्त जानकारीलाई तलको विवरणमा प्रस्तुत गरिएको छः

**तालिका नं : ४ पहिलो सन्तान जन्माउदा र विवाह बिचको समयावधि सम्बन्धी स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ वर्ष भित्रमा | ४६ | ९२ |
| २ वर्ष भित्रमा | ४ | ८ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

उक्त तालिकाअनुसार यस अध्ययनको नमुना भित्र परेका किशोरावस्थामा विवाह गरेका १ वर्ष भित्रमा पहिलो सन्तान जन्माउने ४६ जना अर्थात ९२ प्रतिशत किशोरी आमाहरू भेटिए ।

यसरी यस क्षेत्रका किशोरावस्थामा विवाह गरेका प्राय महिलाहरूले विवाह गरेका १ वर्ष भित्रमा सन्तान जन्माएको भेटियो । उनीहरुमा आमा शारिरीक रूपमा परिपक्क भएपछि मात्र सन्तान जन्माउनु पर्दछ भन्ने चेतनाको अभाव रहेछ । शारिरीक रूपमा परिपक्क नभइ बच्चा जन्माउँदा आमा र बच्चाको स्वास्थ्यमा नकारात्मक असर पर्दछ । भन्ने चेतनाको अभाव देखियो । जसले गर्दा उनीहरूले विवाह गरेको १ वर्ष भित्रमा नै पहिलो सन्तान जन्माएको भेटियो ।

### ४.५ पहिलो बच्चा जन्माउँदा आमाको उमेर सम्बन्धी स्थिति

उक्त समुदायका ५० जना किशोरीहरूमा गरिएको सर्वेक्षण अनुसार तपाईं पहिलो वच्चा जन्माउँदा कति वर्षको हुनुहुथ्यो भनेर सोधिएको प्रश्नवाट प्राप्त जानकारी तलको विवरणमा प्रस्तुत गरिएको छः

**तालिका नं ५: पहिलो बच्चा जन्माउँदा आमाको उमेर सम्बन्धी स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५ वर्ष | २ | ४ |
| १६ वर्ष | ५ | १० |
| १७ वर्ष | १६ | ३२ |
| १८ वर्ष | १२ | २४ |
| १९ वर्ष | ८ | १६ |
| २० वर्ष | ७ | १४ |
| जम्मा | ५० | १०० |


**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकामा यस अध्ययन क्षेत्रको नमुना जनसङ्ख्या परेका ५० जना किशोरावस्थामा विवाह गरेका महिलाले तपाईं विवाह गरेको कति उमेरमा वच्चा जन्माउनु भयो

भनी सोधिएको प्रश्नमा २ जना वा ४% ले १५ वर्षमा, ४ जना वा ८% ले १६ वर्षमा, १६ जना वा ३२% ले १७ वर्षमा, १२ जना वा २४% ले १८ वर्षमा, ८ जना वा १६% ले १९ वर्षमा र ७ जना वा १४ प्रतिशतले २० वर्षमा वच्चा जन्माएको पाइयो ।

यसरी यस क्षेत्रका किशोरीहरूले १५-२० वर्षको विचमा वच्चा जन्माइरकेको पाइयो । उनीहरूले आफ्ना अभिभावकको कुर मान्न वा आफू खुशी अर्थात अन्य जुनै कारणले विवाह गरेपनि किशोरावस्था पार गरिनसकी विवाहगरेर वच्चा जन्माइएको पाइयो । उक्त विवरणलाई अझ स्पष्ट पार्नको लागि स्तम्भ चित्रमा प्रस्तुत गरिएको छः

**चित्र नंः ३ विवाह गर्दा किशोरीको उमेर सम्बन्धी अवस्था**




## ४.६ विवाहको प्रकार सम्बन्धी स्थिति

उक्त अध्ययनमा दानावारी वडा नं.४ का किशोरी अवस्थामा विवाह भएका महिलाहरूमा तपाइँहरूको विवाह कस्तो प्रकारको हो भनेर सोधिएको प्रश्नबाट आएको जानकारी तलको विवरणमा प्रस्तुत गरिएको छः


**तालिका नं. ६ : विवाहको प्रकार सम्बन्धी स्थिति**

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| मागी | ३७ | ७४ |
| प्रेम | ७ | १४ |
| कानुनी | - | - |
| अन्य | ६ | १२ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

मथिको तालिका अनुसार दानावारी वडा नं. ४ का किशोरावस्थामा विवाह भएका यस नमुना क्षेत्रमा परेका ५० जना महिलाहरूमा ३७ जना वा ७४ प्रतिशतले मागी विवाह, प्रेम विवाह ७ जना अर्थात गरेको १४ प्रतिशतले प्रेम विवाह गरेको पाइयो भने ६ जना अर्थात १२ प्रतिशतले अन्य (गन्दर्भविवाह,चोरी, विवाह) गरेको पाइयो । उक्त अवस्थालाई स्पष्ट पार्नका लागि वृतचित्रमा प्रस्तुत गरिएको छः

**चित्र नंः ४ विवाहको प्रकार सम्बन्धी स्थिति**



## ४.७ परिवार किशोरावस्थामा विवाह गर्न राजी हुने स्थिति

दानावारी वडा नं. ४ का किशोरीवस्थामा विवाहको लागि राजी भयो भनेर सोधिएको प्रश्नबाट आएको जानकारी तलको विवरणमा प्रस्तुत गरिएको छः

**तालिका नं. ७ परिवार किशोरावस्थामा विवाह गर्न राजी हुने स्थिति**


| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| परिवार सम्पन्न | १० | २० |
| केटा जागिरे | ४ | ८ |
| पहिलो प्रस्ताव स्वीकारेर | २२ | ४४ |
| अन्य | १४ | २८ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

मथिको तालिका अध्ययन गर्दा किशोरावस्थामा विवाह भएका यस अध्ययनको नमुना क्षेत्रभित्र रहेका ५० जना उत्तरदातालाई तपाईंको परिवार तपाईंको विवाहका लागि किन राजी हुनुभयो भनेर सोध्दा १० जना अर्थात २०प्रतिशतले परिवार सम्पन्न भएर विवाहको लागि राजी भएको बताए । त्यस्तै केटा जागिरे भएर भन्ने ४ जना वा ८ प्रतिशत र पहिलो प्रस्ताव स्वीकार गर्न भन्ने उत्तरदाता २२ जना वा ४४ प्रतिशत देखियो र अन्य कारणबाट परिवार विवाहका लागि राजी भयो भन्ने १४ जना अर्थात २८ प्रतिशत भेटिए ।

यसरी यस क्षेत्रका प्राय अभिभावकहरूले आफ्ना सन्तानको विवाह पहिलो प्रस्ताव स्वीकार गर्न भनेर नै किशोरावस्थामा नै विवाह गरिदिने गरेको देखियो ।

चित्र नं.५: परिवार किशोरावस्थामा विवाह गर्न राजी हुने स्थिति




### ४.८ किशोरीहरूको छिटो विवाह गर्नुको कारण सम्बन्धि विवरण

दानावारी वडा नं. ४ का किशोरी अवस्थाका विवाहित महिलाहरूलाई तपाईलाई छिटो विवाह गर्नुको कारण के हो भनी सोधिएकोमा प्रश्नमा निम्न जानकारी आएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छः


**तालिका नं. ८: किशोरीहरूको छिटो विवाह गर्नुको कारण सम्बन्धि विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफन्तले राम्रो केटा छ भनेर | ८ | १६ |
| आफन्तको करकापमा परेर | ४ | ८ |
| केटाको घरपरिवार राम्रो छ भनेर | २१ | ४२ |
| सँगैका साथीहरूको विवाह छिटो भएर | ५ | १० |
| घरका दिदिहरूको विवाह छिटो भएकाले | ४ | ८ |
| आफै केटा मनपराएर | ८ | १६ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिका अध्ययन गर्दा किशोरावस्थामा विवाह भएका यस अध्ययनको नमुना क्षेत्रभित्र रहेका ५० जना किशोरी आमाहरूलाई तपाईंले विवाह छिटो गर्नुको कारण भनेर सोध्दा ८ जना वा १६प्रतिशतले आफन्तले केटा राम्रो छ भनेर, ४ जना वा ८ प्रतिशतले आफन्तको करकापमा परेर, २१ जना ४२ प्रतिशले केटाको घरपरिवार राम्रो छ भनेर, ५ जना वा १० प्रतिशतले सँगैका साथीहरूको विवाह छिटो भएर, ४ जना वा ८ प्रतिशतले घरका दिदिहरूको विवाह छिटो भएकाले र ८ जना वा १६ प्रतिशतले आफुलाई केटा मनपरेर छिटो विवाह गरेको पाइयो । उक्त तथ्याङ्कलाई स्पष्ट पार्न वृत्तचित्रमा प्रस्तुत गरिएको छ:

**चित्र नं: ६  किशोरीहरूको छिटो विवाह गर्नुको कारण सम्बन्धि विवरण**



### ४.९ गर्भवती हुँदा गर्भ परिक्षणको अवस्था

यस अध्ययन दानावारी वडा नं. ४ मा रहेका किशोरविस्थामा विवाह गरेका यस नमुना क्षेत्रभित्र परेका ५० जना किशोरी आमाहरूलाई तपाईले बच्चा पेटमा भएको बेला गर्भ परिक्षण गराउनु भयो भनी सोधिएको प्रश्नबाट आएको जवाफा तलको तालिकामा उल्लेख गरिएको छः

**तालिका नं ९: गर्भवती हुँदा गर्भ परिक्षणको अवस्था**


| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गराए | २४ | ४८ |
| गराइन | २६ | ५२ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकामा किशोरी अवस्थामा विवाह गरेर आमा बनेका यस अध्ययनको नमुना जनसङ्ख्यामा परेका ५० जना किशोरी महिलाहरूमध्ये २४ जना वा ४८ प्रतिशतले गर्भवती अवस्थामा गर्भ परिक्षण गराएको बताए, भने गर्भवती अवस्थामा २६ जना वा ५२ प्रतिशतले गर्भ परिक्षण नगराएको पाइयो ।

यस क्षेत्रका किशोरी अवस्थामा विवाह गरेर आमा बनेका केही महिलाहरूले मात्र बच्चा पेटमा भएको बेला आफ्नो गर्भपरिक्षण गराएको देखियो भने केही किशोरी महिालाहरूलाई बच्चा पेटमा भएको बेला गर्भपरीक्षण नगराएको पाइयो । यसरी गर्भअवस्था भनेको एक संवेदनशील अवस्था हो । त्यसमा पनि किशोरी अवस्थामा गर्भवती हुँदा अझ संवेदनशील अवस्था हुँदा पनि यस्तो अवस्थालाई खासै महत्व नराखेको पाइयो । यसले अझै पनि यस समुदामा शिक्षाको स्तर नबढेको पाइयो । उक्त विवरणलाई स्पष्ट पार्नका लागि निम्न वृत्त चित्रमा प्रस्तुत गरिएको छः

चित्र नं: ७ गर्भवती हुँदा गर्भ परिक्षणको अवस्था




## ४.१० गर्भवती परिक्षण नगराउनुको कारणको स्थिति

गर्भवती अवस्था एक जटिल अवस्था हो। उक्त अवस्थामा गर्भवती अवस्थाभर कम्तिमा ४ पटक गर्भ परिक्षण गराउनु पर्ने हुन्छ। गर्भवती अवस्थामा विभिन्न उत्तरचढावहरू आउने हुँदा गर्भवती महिलालाई मनोवैज्ञानिक असर समेत पर्न जान्छ। अझ अस अध्ययनमा किशोरीअवस्थामा हुने गर्भवतीको अवस्थाको बारेमा अनुसन्धान गर्दा विभिन्न कारणले गर्भवती अवस्थामा परिक्षण नगराएको पाइयो। उक्त अवस्थालाई निम्न तालिका प्रस्तुत गरिएको छ:

**तालिका नं १० गर्भवती परिक्षण नगराउनुको कारणको स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| स्वास्थ्यचौकी टाढा भएर | ४ | १५.३८ |
| लाज लागेर | १० | ३८.४६ |
| थाहा नपाएर | ७ | २३.०८ |
| अनुमति नपाएर | ७ | २३.०८ |
| जम्मा | २६ | १०० |

**स्रोत: स्थलगत सर्वेक्षण,२०७०**

मािथको तालिकाको अध्ययन गर्दा जम्मा ५० जना महिलाहरू मध्ये २६ जनाले गर्भवती अवस्थामा गर्भ परिक्षण नगराएको पाइयो । सो मध्ये ४ जना वा १५.३८ प्रतिशतले स्वास्थ्य चौकी टाढा भएर, १० जना अर्थात ३८.४६ प्रतिशतले लाज लागेर, ७/७ जना अर्थात २३.०८ प्रतिशतले थाहा नपाएर र परिवारका सदस्इले अनुमती नदिएर गर्भ परीक्षण नगरेको बताए ।

यसरी यस क्षेत्रको नमुनामा परेका किशोरी आमाहरूले आफू गर्भवती भएको समयमा गर्भपरीक्षण गर्नु पर्दछ भन्ने चेतनाको अभाव रहेको पाइयो ।

### ४.११ बच्चा जन्माएको स्थान सम्बन्धि विवरण

कोहवरा गा.वि.स.का पाँच ओटा सुकुम्बासी समुदायका ६० जना विवाहित महिलाहरूमा परिवार नियोजनका साधन प्रयोग गर्नु हुन्छ, हुँदैन भनी प्रश्न गर्दा महिलाहरूले व्यक्त गरेको धारणालाई तलको तलिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. ११ : बच्चा जन्माएको स्थान सम्बन्धि विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरमा | ४५ | ९० |
| अस्पतालमा | ८ | १३.३३ |
| स्वास्थ्यचौकीमा | ४ | ६.७ |
| **जम्मा** | **५०** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

मथिको तालिकामा यस अध्ययनको नमुनामा परेका ५० जना किशोरावस्थामा विवाह गरेर आमा बनेका किशोरी आमाहरमा ४५ जना अर्थात ९० प्रतिशतले घरमा नै बच्चा जन्माएको वताए भने ३ जना अर्थात ७ प्रतिशतले अस्पतालमा र २ जना अर्थात ४ प्रतिशतले स्वास्थ्य चौकीमा गर्भपरीक्षण गरेका वताए ।

यसरी हेर्दा यहाँका अधिकाशं महिलाहरूले घरमा नै बच्चा जन्माएका देखिन्छ । कलिलो उमेरमा नै विवाह गरेर बच्चा जन्माएकाले उनीहरूलाई गर्भअवस्थामा गरिने सुरक्षा सम्बन्धी ज्ञानको कमीले उनीहरू र बच्चाको स्वस्थ्यमा नकारात्मक असर देखा पर्न सक्छ ।

## ४.१२ गर्भ खेर जानुको कारण सम्बन्धि विवरण

उक्त सुमुदायका किशोरीहरूको चाडै विवाह पछि गर्भवती पनि किशोराअवस्थामा हुँदा अपरिपक्क शारिरिक बनावटको कारण बच्चा जन्माउन गाह्रो हुन्छ । यि समस्या बाहेक अन्य कारण पनि रहको छ । जसलाई तलको तालिकामा स्पष्ट परिएको छ :

**तालिका नं.१२ः गर्भ खेर जानुको कारण सम्बन्धि विवरण**

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| कम उमेरमा गर्भवती भएर | ३ | १५.७८ |
| खानपान नमिलेर | ४ | २१.०५ |
| काम धेरै गर्नु परेर | ५ | ३६.८४ |
| थाहै नपाएर | ७ | २६.३१ |
| **जम्मा** | **२६** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकामा किशोरावस्थामा आमा भएका बच्चा गर्भमा नै खेर गएका १९ जना उत्तरदातामा ३ जना वा १५.७८ प्रतिशत कलिलो उमेरमा गर्भवती भएर, ४ जना वा २१.०५ प्रतिशतले गर्भवती अवस्थामा खानपिन नमिलेर, ७ जना अर्थात ३६.८४ प्रतिशतले गर्भवती भएको समयमा बलको काम गर्नु परेको र ४५ जना अर्थात २६.३१ प्रतिशतलाई भने आफ्नो गर्भखेर जानुको कारण थाहा नभएको बताए ।

यसरी यस क्षेत्रका किशोरीहरूको कलिलो उमेरमा विवाह गर्ने हुनाले गर्भखेर जाने गरेको पाइयो । तर त्यहाँ किशोरी आमाहरूलाई गर्भवती भएको समयमा आफ्नो र पेटको

बच्चालाई राम्रो स्याहार पुऱ्याउनु पर्दछ । त्यसका लागि पोषिलो खानेकुरा खाने, बलको काम थोरै गर्नु पर्दछ । भन्ने चेतनानको अभावले उनीहरूले अकालमा नै बच्चालाई गर्भमा नै खेर जाने स्थिति सृजना भएको पाइयो ।

### ४.१३ बच्चा जन्मिएको एक वर्षभित्र देखिएको समस्याको अवस्था

यस अध्ययनमा किशोरावस्थामा विवाह गरेका किशोरीआमाहरूलाई तपाइँको बच्चालाई जन्मेको १ वर्ष सम्म केके समस्या देखियो भनेर सोधिएको प्रश्नबाट प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १३ः बच्चा जन्मिएको एक वर्षभित्र देखिएको समस्याको अवस्था**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निमोनिया | १६ | ३२ |
| झाडापखाल | ५ | १० |
| ज्वारो | १७ | ३४ |
| लहरेखोकी | ७ | १४ |
| निमोनिया ज्वारो दुबै | - | - |
| जम्मा | ४६ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकामा किशोरावस्थामा विवाह गरेर आमा बनेका ५० जना किशोरी महिलाहरूलाई तपाइँको बच्चालाई १ वर्ष भित्रमा कस्ता-कस्ता स्वास्थ्य समस्या देखा परे भनेरल सोधिएको प्रश्नमा १६ जना अर्थात ३२ प्रतिशतले निमोनिया भयो भनेर बताए । ५ जना वा १० प्रतिशत किशोरी आमाहरूले झाडापखाला, १७ जना अर्थात वा ३४ प्रतिशत लाई वच्चाहरूलाई ज्वारो, ७ जना अर्थात १४ प्रतिशतलाई कुनै समस्या नदेखिएको भने ५ जना अर्थात १० प्रतिशतलाई निमोनिया र ज्वारो दुबै आएको कुरा बताए ।

यहाँका किशोरी आमाहरूले आफ्ना बच्चाहरूलाई १ वर्ष भित्र विभिन्न स्वास्थ्य समस्या देखिएको बताए । यसरी शारिरिक रूपमा आमा बन्न परिपक्क नभइ जन्मेका बच्चाहरूको र आमाको पनि स्वास्थ्यमा विभिन्न समस्या देखिएको पाइयो ।

### ४.१४ बच्चा उपचार गराएको स्थानको विवरण

यहाँ अध्ययनमा दानवारी वडा नं.४ मा रहेका किशोरीआमाहरूलाई तपाइँहरूको बच्चालाई देखिएको स्वास्थ्य समस्या कहाँ लगेर उपचार गराउनु हुन्छ, भनी सोधिएको प्रश्नबाट आएको उत्तरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १४: बच्चा उपचार गराएको स्थानको विवरण**

| उपचार गराउने स्थान | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरमा | ४४ | ८८ |
| अस्पतालमा | १ | २ |
| स्वास्थ्य चौकीमा | ५ | १० |
| **जम्मा** | **५०** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिकाम यस अध्ययन क्षेत्रमा परेका ५० जना किशोरी आमाहरूमा आफ्नो बच्चालाई देखिएको स्वास्थ्य समस्याको उपचार गराउन कहाँ लानु भयो भनेर सोधिएको प्रश्नमा ४४ जना वा ८८ प्रतिशतले घरैमा उपचार गराएको वताए । त्यस्तौ १ जना वा २ प्रतिशतले अस्पताल र ५ जना १० प्रतिशतले स्वास्थ्यचौकी लगेर उपचार गरेको पाइयो ।

यसरी कलिलो उमेरमा नै विवाह गरेका किशोरी आमाहरूले आफ्ना बच्चा विरामी पर्दा पनि स्वास्थ्यचौकी तथा अस्पताल लैजानु पर्दछ भन्ने ज्ञानको अभावले गर्दा घरेलु उपचार,धामी झाक्रि लगाउने जस्ता कार्य गरेको देखियो । यसरी पनि हाम्रो देशको ग्रामिण भेगमा अझै सम्म आमा शारिरकि, मानसिक रूपमा परिपक्क भएरमात्र विवाह गर्नै र बच्चा जन्माउनु पर्दछ भन्ने

चेतनाको अभाव छ । जसले गर्दा आमा र बच्चाको स्वास्थ्यमा विभिन्न समस्या देखा पर्ने गरेको देखिन्छ ।

### ४.१५ बच्चालाई लगाएको खोपको स्थिति

यस अध्ययनमा दानावारी वडा नं. ४ मा रहेका किशोरी महिलाहरूलाई तपाईले आफ्नो बच्चालाई खोप लगाउनु भएको छ भनेर सोधिएको प्रश्नबाट प्राप्त जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १५: बच्चालाई लगाएको खोपको स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | १९ | ३८ |
| छैन | ३१ | ७२ |
| **जम्मा** | **५०** | **१००** |

**श्रोतः स्थलगत सर्वेक्षण,२०७०**

माथिको तालिमा यस अध्ययन क्षेत्रका नमुनमा परेका ५० जना किशोरी आमाहरूलाई तपाईंहरूले आफ्नो बच्चालाई खोपको पूरा मात्रा पुऱ्याउनु भयो भनेर सोधिएको प्रश्नमा १९ जनाले वा ३८ प्रतिशतले पुऱ्याएको बताए भने ३१ जना वा ६२ प्रतिशतले खोपको मात्रा नपुऱ्याएको पाइयो ।

### ४.१६ बच्चालाई खोप नलागाउनुको कारण

यस अध्ययनमा दानावारी वडा नं.४ मा रहेका किशोरी आमाहरूलाई आफ्नो बच्चााई खोपको पूरामा नलगाउनुको कारण बारे सोधिएको प्रश्नबाट निम्न जवाफ प्राप्त भयो । उक्त विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छः

तालिका नं.१६ : बच्चालाई खोप नलागाउनुको कारण

| विवरण | सङ्ख्या | प्रतिशत |
| --- | --- | --- |
| थाहा नभएर | २४ | ३३.३३ |
| स्वास्थ्य चौकी टाढा भएर | ७ | १२.५ |
| जम्मा | ३१ | १०० |

स्रोतः स्थलगत विवरण, २०७०

माथिको तालिकामा यस अध्ययन क्षेत्रमा परेका ५० जना किशोरी आमाहरूमा ३१ जनाले बच्चालाई खोपको पूरामात्रा नपुऱ्याएको बताए । तिनै ३१ जनामा २४ जना अर्थात ७७.४२ प्रतिशतले थाहा नपाएको बताए भने १७ जना अर्थात २२.५ प्रतिशतले स्वास्थ्यचौकी टाढा भएर बच्चालाई खोपको मात्रा नपुऱ्याएको वताए ।

यसरी यस क्षेत्रका किशोरी आमाहरूमा बच्चालाई खोपको पूरा मात्रा पुऱ्याएर लगाउनु पर्ने कुरा थाहा नपाएर नलगाएको पाइयो । उनीहरूलाई बच्चा स्वस्थ्य राख्न बच्चालाई निरोगी बनाउन सबै खोपलाई मात्रा पुऱ्याएर लगाउनु पर्दछ भन्ने चेतनाको कमी देखियो ।

### ४.१७ बच्चा जन्माउँदा समस्याको स्थिति सम्बन्धी विवरण

यस अध्ययन दानावारी वडा नं. ४ मा रहेका किशोरी आमाहरूलाई तपाईंलाई बच्चा जन्माउँदा कस्ताकस्ता समस्या देखा परे भनेर सोधिएको प्रश्नबाट प्राप्त जानकारीलाई तलको तलिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १७: बच्चा जन्माउँदा समस्याको स्थिति सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तल्लो पेट दुख्ने | ५ | १० |
| बढी रगत बगीरहने | ९ | १८ |
| पाठेघर झरेजस्तो हुने | ७ | १२ |
| माथिका सवै समस्या देखिने | १३ | २६ |
| तल्लो पेट दुख्ने र बढि रगत बग्ने | १० | २० |
| पाठेघर झरेजस्तो हुने तल्लो पेट दुख्ने | ७ | १४ |
| जम्मा | ५० | १०० |

**स्रोतः स्थलगत विवरण, २०७०**

माथिको तालिकामा यस अध्ययन क्षेत्रभित्र परेका किशोरावस्थामा विवाह गरेर आमा बनेका ५० जना किशोरी आमाहरूमध्ये ५ जना अर्थात १० प्रतिशतले तल्लो पेट दुख्ने, ९ जना अर्थात १८ प्रतिशतले योनिबाट बढी रगत बग्ने, ६ जना अर्थात १२ प्रतिशत महिलाहरूका पाठेघर खसेजस्तो हुने, १३ जना अर्थात २६ प्रतिशतले माथि उल्लेखित सवै समस्या देखिने, १० जना अर्थात २० प्रतिशतले तल्लो पेट दुख्ने र बढी रगत बग्ने र ७ जना अर्थात १४ प्रतिशतले पाठेघर झरेजस्तो हुने तल्लो पेट दुख्ने समस्या देखा पर्‍यो भनेर बताए ।

यसरी किशोरावस्थामा नै विवाह गरेर शारीरिक रूपमा जन्माउन सक्षम नभइ बच्चा जन्माउँदा आमालाई विभिन्न शारीरिक समस्या देखा पर्दछ

यसरी किशोरावसथामा नै विवाह गरेर शारिरीक रूपमा बच्चा जन्माउन सक्षम नभइ बच्चा जन्माउँदा आमालाई विभिन्न शारीरिक समस्या देखा पर्दछ । कलिलो उमेरमा बच्चा जन्माउँदा आमा र बच्चा दुबैको स्वास्थ्यमा समस्या देखा पर्दछ भन्ने ज्ञानको अभावले यहाँका किशोरीहरू किशोरावस्था नभइ आमा बन्ने गरेको देखियो ।

## ४.१८ गर्भवतीमा समस्या भएको बेला उपचार गर्ने ठाउँ

यस अध्ययनमा दानवारी वडा नं.४ मा रहेका किशोरी आमाहरूलाई बच्चा जन्माउँदा देखिएको समस्याको उपचार कहाँ गएर उपचार गराउनु भयो भनेर सोधिएको प्रश्नबाट प्राप्त जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका नं. १८: गर्भवतीमा समस्या भएको बेला उपचार गर्ने ठाउँ**

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| स्वास्थ्य चौकी | ८ | १७ |
| अस्पताल | २ | ४ |
| धामी लगाए | ४० | ८० |
| **जम्मा** | **५०** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिका अध्ययन गर्दा अध्ययन क्षेत्रभित्र परेका ५० जना किशोरी आमाहरूलाई बच्चा जन्माउँदा देखिएको समस्यालाई कहाँ गएर उपचार गराउनु हुन्छ भयो भनेर सोधिएको प्रश्नमा ८ जना अर्थात १६ प्रतिशत स्वास्थ्य चौकी, २ जना अर्थात ४ प्रतिशत अस्पताल र ४० जना अथार्त ८० प्रतिशत धामी लगाएको भन्ने बताए।

उक्त तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने २१ औं शताब्दीमा आएर पनि अझै हाम्रो समाजमा पुरानो मान्याता झार फुकमा विश्वास गर्ने कुरा पुष्टि हुन्छ। यसले अकालमै विरामीको ज्यान सक्ने अवस्था रहेको छ। गर्भवती अवस्था एकदमै संवेदनशील अवस्था हो। यस अवस्थामा उपचार गर्न अस्पताल नगएर धामी झाक्रिमा विश्वास गर्नु यस क्षेत्रको मानिसको जीवनस्तर अझै धेरै पछाडि रहेको अनुसन्धानबाट पुष्टि हुन्छ।

### ४.१९ गर्भवती समस्यामा देखिएका समस्याको स्थिति

यस अध्ययनमा दानावारी वडा नं. ४ मा रहेका किशोरीवस्थामा विवाह गरेर आमा बनेका किशोरी महिलाहरूलाई गर्भवती भएको अवस्थामा कस्ता-कस्ता समस्या देखियो भनेर सोधिएको प्रश्नबाट प्राप्त जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. १९ः गर्भवती समस्यामा देखिएका समस्याको स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सेतो पानी वग्ने | १८ | ३६ |
| तल्लो पेट दुख्ने | ८ | १६ |
| बढी रगत बग्ने | ४ | ८ |
| मथिका सवै समस्या देखा | ९ | १८ |
| बढी रगत बग्ने र तल्लो पेट दुख्ने | ५ | १० |
| कुनै समस्था नदेखिएको | ६ | १२ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिकामा यस अध्ययन क्षेत्रको नमुनामा परेका ५० किशोरी आमाहरूमा १८ जना वा ३६ ७० प्रतिशतलाई सेतो पानी वग्ने, ८ जना १६ प्रतिशत तल्लो पेट दुख्ने, ४ जना अर्थात ८ प्रतिशतलाई बढी रगत बग्ने, ९ जना अर्थात १८ प्रतिशतलाई माथिका सवै समस्या, ५ जना अर्थात १० प्रतिशतलाई बढी रगत बग्ने र तल्लो पेट दुख्ने समस्या रहेको पाइयो भने ६ जना अर्थात १२ प्रतिशतलाई कुनै पनि समस्या नदेखिएको पाइन्छ।

यसरी कलिलो उमेरमा नै विवाह गरेर आमा बनेका किशोरी आमाहरूलाई चाडो बच्चा जन्माउँदा शारिरीक समस्या देखा पर्दछ भन्ने चेतनाको कमी यस अध्ययनबाट देखिन्छ।

### ४.२० गर्भवती अवस्थामा समस्या आउँदा उपचार गर्ने ठाउँको स्थिति

यस अध्ययन दानावारी वडा नं. ४ मा रहेका किशोरी आमाहरूलाई गर्भवती भएको अवस्थामा देखिएका शारिरिक समस्याको उपचार कहाँ गराउनु भयो भनेर सोधिएको प्रश्नबाट आएको जानकारी तलको तालिकामा उल्लेख गरिएको छः

**तालिका नं. २०: गर्भवती अवस्थामा समस्या आउँदा उपचार गर्ने ठाउँको स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरयासी | ३३ | ६६ |
| स्वास्थ्यचौकी लगेर | ८ | १६ |
| धामी लगाए | ९ | १८ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिकामा यस अध्ययन क्षेत्र भित्र परेका ५० जना किशोरी आमाहरूमा बच्चा पेटमा भउको बेला देखिएको समस्याको उपचार कहाँ गराउनु भयोभनेर सोधिएको प्रश्नमा घरयासी उपचार गर्ने ३३ जना वा ७७ प्रतिशत देखिए भने स्वास्थ्य चौकी गएर उपचार गर्ने ८ जना वा १६ प्रतिशत पाइयो र धामी ९ जना अथवा १९ प्रतिशतले लगाएको पाइयो ।

यसरी अपरिपक्क उमेरमा नै विवाह गरेर बच्चा जन्माउँदा उनीहरूमा देखएिको समस्याको उपचार गर्न पनि स्वास्थ्य चौकी वा अस्पताल जानु पर्दछ भन्ने ज्ञानको कमी देखियो । उनीहरूले आफ्ना समस्या घरमा नै सामान्य उपचार गरेर निको पार्ने गरेको बताए । त्यस्तै कसैकसैले धामी लगाएको पनि पाइयो ।

# परिच्छेद पाँचः सारांश, निष्कर्ष र सुझाव

## ५.१ सारांश

यस आनुसन्धान किशोरावस्थाको विवाहले किशोरी आमा र तिनीहरुका बच्चाको स्वास्थ्यमा पारेको असर पत्ता लगाउने शिर्षक छनोट गरिएको छ । दानावारी-४ कालीखोला गाउँका महिलाहरुको किशोरावस्थामा विवाह हुनुका कारण, किशोरावस्थाको विवाह किशोरी आमाको स्वास्थ्यमा परेको समस्या र तिनीहरुका बच्चाको स्वास्थ्यमा देखिएको असर पत्ता लगाउने उद्देश्य छनौट गरिएको छ । यस अनुसन्धानका लागि दानावारी-४, कालीखोलाका ५३४ विवाहित महिलामध्ये ५० जना किशोरावस्थामा विवाह गरेर किशोरावस्था नै आमा बनेका किशोरी आमाहरुलाई उद्देश्यपूर्ण नमुना छनौट विधिको प्रयोग गरि छनौट गरिएको छ ।

यस अध्ययनाबाट प्राप्त नतिजालाई प्राप्तिको रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनको नमूनामा परेका ५० जना किशोरी आमाहरूमा ९ जना (१८%)ले आफुखुशी विवाह गरेको देखिन्छ । आफुखुशी विवाह नगरेको बताउने ४१ जना (८२%) देखिन्छ । यिनै ४१ जनामा पनि १८ (४३.९०२%)ले आमा बुबाले भनेर, १६ जना (३९.०२४%)ले करकापमा परेर र ७ जना( १७.०७४%) को अन्य कारणबाट छिटो विवाह गरेको देखियो । यस अध्ययनको नमूनामा परेका ५० जना किशोरी आमाहरूमा १५ वर्षका ३ (६%), १६ वर्षमा ६ जना (१२%), १७ वर्षमा १४ जना (२८%), १८ वर्षमा ११ जना (२२%), १९ वर्षमा ९ जना (१८%) र २० वर्षमा ७ जना (१४%) रहेको पाइयो । यहाँ किशोराअवस्थामा विवाह गरेका किशोरीहरुले किशोरावस्थामा नै आमा भएको पाइयो । यसरी हेर्दा किशोरावस्थामा पहिलो सन्तान जन्माउने किशोरीआमाहरु क्रमशः १५ वर्षका २ (४६%), १६ वर्षमा ५ जना (१०%), १७ वर्षमा १६ जना (३२%), १८ वर्षमा १२ जना (२४%), १९ वर्षमा ८ जना (१६%) र २० वर्षमा ७ जना (१४%) रहेको पाइयो । उनीहरूको विवाहका लागि परिवार विभिन्न कारणले राजी भएको देखिन्छ । केहिले केटाको परिवार सम्पन्न भएर आमाबाले किन तपाईको समुदायका किशोरीहरूको विवाह छिटो भयो तथ भनेर सोध्दा ५ जना (१०%) ले ढिलो विवाह गरेमा छिमेकिले अनर्थ लगाँछन् भनेर विवाह छिटो हुने गरेको बताए । त्यस्तै आमाबुबाले पुण्य कमाइन्छ भनेर छोरीको विवाह छिटो गरिदिएका हुन भन्ने ४ जना (८%) भेटिए । ९ जना (१८%) ले छोरीलाई पढाउनुभन्दा पनि

विवाह गरेर पढाइदिँदा राम्रो हुन्छ भनेर किशोरीहरूको छिटो विवाह हुने गरेको देखियो । छरछिमेकिमा छिटो विवाह गर्ने प्रचलनले झनैकिशोरीको विवाह चाँडो हुन्छ भन्ने ११ जना (२२%) देखिए । अभिभावकहरूको जिम्मेवारी छिटै पुरा हुन्छ भनेर ७ जना (१४%) ले बताए । भने छोरीको विवाह नै छिटो गर्नुपर्छ भनेर हाम्रो समूदायमा किशोरीहरूको विवाह छिटो हुन्छ भन्नेमा ७ जना (१२%) देखिए । अन्त्यमा किन छिटो विवाह गरिदिएका हुन थाहाछैन् तर छोरीको विवाह छिटै गरिदिन्छन् भन्ने ८ जना (१६%) देखिए । अब तपाई आफै चाँहि किन विवाहका लागि राजी हुनुभयो त भन्दा आफन्तले केटा राम्रो छ भनेर करगरे भन्ने ८ जना (१६%) देखिए । दिदी बित्नुभयो र छोराछोरीको विजोग हुन्छ भनेर त्यहि मान्छेसँग आमाबुबाले कर गरेर विवाह गरिदिनु भयो भन्ने २ जना (४%) देखिए । आमाबुबाले केटा र उसको परिवार राम्रो छ भनेर छिटो विवाह गरिदिनुभो  भन्ने २१जना (४२%) देखिए । त्यस्तै छरछिमेकका सँगैका साथिहरूको विवाह भएर मेरो पनि छिटो विवाह भयो भन्ने ५ जना (१०%) भेटिए भने घरमा दिदीहरूको विवाह भयो भन्ने ४ जना (८%) भेटीए । त्यस्तै केटा मन पराए र छिटो विवाह गरिदिनु भयो भन्ने ८ जना (१६%) भेटिए र पहिलो श्रीमति छोराछोरी नभएको मान्छेसँग बाआमाले फकाएर गरेर छिटै विवाह गरिदिनुभयो भनेर २ जना बताए । किशोरी आमाहरू बच्चा जन्माउनकालागि शारीरिक रूपमा परिपक्क नभई बच्चा जन्माउदा उनीहरूको स्वास्थ्यमा विभिनन समस्याहरू देखा पर्नसक्छ । यहाँका किशोरी आमाहरूले गर्भवति भएको समयमा आफूले नियमित गर्भपरिक्षण नगरेको देखियो । उनीहरूमा गर्भवती भएको समयमा ८ जना (१६%) ले तल्लो पेट दुख्ने, १८ जना (३६%) ले सेतोपानी बग्ने र ४ जना (८%) ले बढी रगत बग्ने, ९ जना (१८%)ले माथिका सवै समस्याहुने, ५ जन (१०%) ले बढी रगत बग्ने र तल्लो पेट दुख्ने समस्या रहेको पाइयो भने ६ जना (१२%)ले कुनै पनि समस्या नदेखेको पाइयो । समस्या देखापरेको बताए । यस्तो समस्या देखापर्दा पनि ८ जना (१६%) मात्र स्वास्थ्यचौकि लगेर उपचार गरेको बताए भने ३३ जना (६६%) ले घरायसी औषधिउपचार गरेको बताए । त्यस्तै बच्चा जन्माउदा पनि उनीहरूमा विभिनन शारिरीक समस्या देखा परेको देखियो । उनीहरूमा ५ जना (१०%) लाई तल्लो पेट दुख्ने समस्या देखिएको बताए भने १६ जना (३२%) लाई बढीरगत बग्ने समस्या भएको देखियो र २९ जना (५८%) लाई भने पाठेघर झरेजस्तो हुने समस्याले सताएको पाईयो । उनीहरूमा यस्ता समस्याको सहि उपचार गराउने चेतनाको

कमीले स्वास्थ्यचौकि र अस्पताल लानु भन्दा धामि लगाएर नै निको पार्ने विश्वास भएको पाईयो । यसरी यस क्षेत्रका किशोर किशोरीहरूको चाँडो विवाह गरेर किशोर अवस्थामा नै आमा बन्दा विभिन्न शारिरीक समस्याहरू देखा परेको पाइयो । किशोर अवस्थामा विवाह गरेर आमा बनेका किशोरीहरूका बच्चाहरूमा विभिन्न समस्या देखियो । उनीहरू बच्चा जन्माउनका लागि शारिरीक रूपमा परिपक्क नभइ सकेको अवस्थाले बच्चा पेटमा बन्न सजिलो नहुने देखि लिएर बच्चालाई लगाइने विभिन्न खोपहरू वि.सि.जि, डि.पि.टी, पोलियो, दादुराको पुरा मात्रा नपुऱ्याको पाइयो । बच्चालाई खोपको पूरामात्रा नपुऱ्याएपछि बच्चाको स्वास्थ्यमा विभिन्न समस्या देखिन्छ भन्ने चेतनाको कमी देखियो । बच्चा जन्मेको एक बर्ष भित्रमा विभिन्न स्वास्थ्य समस्या देखिएको बताए जस्तै २३ जना (४६%) ले ज्वरो आउने, २२ जना (४४%)ले निमोनिया हुने र ५ जना (१०%)ले झाडापखालाले सताएको बताए । यसरी देखिएको समस्यालाई ५ जना (१०%)ले. मात्र स्वास्थ्य चौकि लगेर उपचार गरेको देखियो । २ जनाले अस्पताल लगेको र बाँकि ४४ जना (८८%) किशोरीआमाहरूले घरैमा घरेलु उपचार गरेको देखियो । यसरी बच्चाको उचीत स्यानहार पुऱ्याउन नसकेर, गर्भ रहेको समयमा ख्याल नगरेर, कतिले त आफ्नो बच्चा गर्भमा नै खेर गएको बताए भने कतिको जीवित जन्म भएका बच्चा पनि जन्मेपछि मृत्यु भएको बताए । यसरी किशोरी अवस्थाका आमाहरूले बच्चा जन्माउन शारिरीक रूपमा परिपक्क नभइसकेको कारण बच्चाको स्याहार गर्न सक्षम नभउकाले विभिन्न समस्या देखा पर्ने गरेको देखियो ।

## ५.२ निष्कर्ष

यस अध्ययन दानावारी वडा नं. ४ मा रहेका किशोरावस्थामा नै आमा बनेका किशोरी आमाहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । यहाँ किशोरीहरूको विवाह छिटो हुनुका कारणहरू आफ्ना आफन्तको कुरा काट्न नसकेर छरछिमेकको छिटो विवाह गर्ने प्रचलनले, आफ्ना आफन्तको कुरा काट्न नसकेर, बाध्यतामा परेर किशोरीहरूले विवाह गरेको देखियो । भने केहीले आफै केटा मनपराए पनि छिटो विवाह गरेको बताए । त्यस्तै केहीले घरकै परिवारिक बाध्यता जस्तै आफ्नी दीदि मरेपछि उसका साना छोराछोरी विजोग हुन्छ भनेर आमा बाआमाले फकाएर चाडो विवाह गरिदिनु भयो भन्ने पनि भेटिए । यसरी बाध्यतामा परेर यहाँका

किशोरीहरको विवाह चाडो हुने गरेको थाहा पाउन सकिन्छ । केही केहीले छोरीको विवाह ढिलो गरिदिएमा छरछिमेकीले कुरा काट्छन् भनेर पनि छिटो विवाह हुने गरेको बताए । यसरी किशोरावस्थामा विवाह गरेका किशोरी आमाहरूले विवाह गरेको १ वर्ष पूरा नहुँदै बच्चा जन्माउने गरेको देखियो यसरी आमा शारिरीक रूपमा परिपक्क नभइ बच्चा जन्माउँदा उनीहरूलाई विभिन्न स्वास्थ्य समस्या देखापरेको बताए । उनीहरू गर्भवती समयमा पनि सेतो पानी बग्ने, तल्लो पेट दुख्ने, जस्ता समस्या देखियो भने बच्चा जन्माउँदा प्राय किशोरीहरूले पाठेघर झरेजस्तो समस्या देखिएको वताए । यसरी देखिएको समस्याको उपचार पनि उनीहरूले सही ठाउँमा गएर उपचार गराउनु पर्दछ भन्ने चेतानाको कमीले गर्दा घरयासी उपचार र धामी झक्रि लगाएको देखियो । यस्तै किशोरी आमाहरूबाट जन्म भएका बच्चाहरूमा पनि विभिन्न शारिरिक समस्या देखियो । उनीहरूले आफू गर्भवती भएको समयमा लगाउने खोपको मात्रा पनि पूरा नलगाएको, बच्चा जन्मेको १ वर्ष भित्र लगाइने खोपहरूको पनि पूरा मात्रा नपुऱ्याएकोले बच्चाहरूलाई निमोनिया हुने, ज्यारो आउने, झाडापखला लाग्ने जस्ता समस्या देखिएको बताए ।

यस क्षेत्रका किशोरावस्थामा विवाह भएका किशोरी आमाहरूको स्वास्थ्य र तिनीहरूको बच्चामा विभिन्न समस्या देखिएको पाइयो । उनीहरूमा देखिएको स्वास्थ्य समस्याको सही उपचार गर्ने पनि सही ठाउँको ज्ञान, नभएको पाइयो । उनीहरू आफ्ना स्वास्थ्य समस्या घरेलु उपचार, धामीझाक्रिमा नै विश्वास गर्ने गरेको पाइयो ।

**५.३ सुझाव**

किशोरी अवस्थामा विवाह गर्दा किशोरी आमा र बच्चामा परको असरका सन्दर्भमा इलाम जिल्लाको दानवारी ४ मा वसोवास गर्ने ५० जना किशोरी अवस्थामा विवाह गरेका किशोरीहरूसंग गरिएको अन्तक्रिया, प्रश्नावली अन्तर्वार्ताका माध्ययमबाट प्राप्त गरिएका समस्या र निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिनिर्माताहरू

सरकाले बनाएको विहेवारी २० वर्ष पारी भन्ने नीति कडाइका साथ पालन गराउनु पर्ने देखिन्छ । यस्ता नीतिहरूको कार्यान्वायन गर्नका लागि किशोरहिरूलाई विभिन्न सेचता मूलक कार्यक्रम गाउँगाउँ नै सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ ।

### ५.३.२ अभ्यास तह

सरकारले बानाएका विभिन्न नीतिहरूलाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ । त्यसका लागि गाउँ स्तरमा किशोरी शिक्षा, प्रजनन स्वास्थ्य शिक्षा जीता विविध कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । २० वर्ष भन्दा अगाडि विवा गर्ने जोडिलाई गा.वि.स. स्तरमा दिइने सेवा सुविधाबाट बञ्चित गरियो भने उनीहरूमा किशोरीहरूको विवाह चाँडो गर्नु हुँदैन रहेछ भन्ने चेतनाको विकास हुन सक्छ ।

### ५.३.३ अनुसन्धान तह

यस्ता अनुसन्धानहरू सरकारी स्तरबाट अन्य क्षेत्रमा पनि सञ्चालन गरेर त्यहाँका किशोरीहरूको वैवाहिक उमेर सम्बन्धी स्थिति र किशोरावस्थाको विवाहले किशोरी आमा र तिनीहरूको बच्चाको स्वास्थ्यमा पारेको असर पत्ता लगाउन मद्यत पुग्नेछ ।

# Reference

Mahara, Debaki (2006), ***Health Problem of early marriage practice,*** a study of Khalaga V.D.C. Darchula. An unpublished M.Ed. thesis T.U. Kritipur

Chapagai, Ganesh Prasad (2005) ***Reproductive and sexual health problem of adolescent girls***. A study of Machhegaun V.D.C. Kathmandu An unpublished M.Ed. thesis T.U. Kritipur.

Ghimire,Bhagya Sahli (2005), ***Effects of early marriage on women's health in Damai Cumminity of Bhotletar VDC, Lamjung ,*** An unpublished M.Ed. thesis T.U. Kritipur

Anant, Narayan (2006), ***Effective of of peer education on Adolesence sexual and reproductive health among hoigh schools girls in Makuwapur D*** (An unpublished M.Ed.) thesis T.U. Kritipur

**अनुसुची १**
**प्रश्नावली**

**घरसंख्या :** **मितिः**
**घरमूलीको नामः** **गणकको नामः**
**जिल्ला :**
**गाउँको नामः**

| क्र.स. | परिवारका सदस्यको नाम | घरमूलीको नाता | बैवाहिक स्थिति | लिङ्ग | उमेर | धर्म | पेसा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(१) तपाईंले विवाह आफू खुसी गर्नु भएको हो ?

(क) हो (ख) होइन

२) होइन भने कसरी विवाह गर्नु भयो ?

(क) आमा बुवाले भनेर (ख) करकापमा परेर (ग) अन्य कुनै कारण

३) विवाह गर्दा तपाईं कति वर्षको हुनुहुन्थ्यो ?

(क) १५ वर्ष भन्दा कम (ख) १५-४९ (ग) २०-२४ (घ) २५ भन्दा माथि

४) तपाईंले विवाह गरेको कति समय पछि पहिलो सन्तान जन्माउनु भयो ?

(क) १ वर्ष ख) २ वर्ष भित्रमा ग) ३/४ वर्ष पछि

५) तपाईं आफ्नो पहिलो सन्तान जन्माउँदा कति वर्षको हुनुहुन्थ्यो ?

(क) १५ वर्ष भन्दा कम (ख) १५-४९ (ग) २०-२४ (घ) २५ भन्दा माथि

६) हाल सम्म तपाईंका बच्चा कति ओटा छन् ?

..........................................................................................................

(७) तपाईंको विवाह कस्तो प्रकारको हो ?

(क) मागी (ख) प्रेम (ग) कानुनी (घ) अन्य

(८) तपाईंको परिवार किन विवाहको लागि राजी हुनुभयो ?

(क) परिवार सम्पन्न (ख) केटा जागिरे ग) पहिलो प्रस्ताव स्वीकार गर्न (घ) अन्य

(९) तपाईंलाई कानुनी वैवाहिक उमेर थाहा छ ?

(क) छ (ख) छैन्

१०) छ भने महिलाको कानुनी बैवाहिक उमेर कति हो ?

....................................................

११) तपाईंको समुदायमा प्राय कुन उमेर समूहमा बढी विवाह हुन्छ ?

...............................................................

१२) किन त्यो उमेरमा बढी विवाह गरी दिएका हुन् ?

...............................................................

१३) तपाईंले छिटो विवाह किन गर्नु भयो ?

.....................................................

१४) बच्चा पेटमा रहेको बेला गर्भपरीक्षण गराउनु भयो ?

(ख) गराए (ख) गराइन

१५) कतिपटक गराउनु भयो ?

(क) १ पटक (ख) २ पटक ग) ३ पटक (घ) ४ पटक

१६) किन नगराउनु भएको ?

(क) स्वस्थ्यचौकी टाढा भएर (ख) लाज लागेर (ग) थाहा नपाएर (घ) घरमा पर्दैन भनेर

१७) गर्भवती भएको बेला टि.टि. खोप कतिपटक लगाउनु भयो ?

(क) एकपटक (ख) दुईपटक (ग) तीनपटक भन्दा माथि

१८) आइरन चक्की र क्याल्सियम क्याप्सुल समयसम्म खानुभयो ?

..................................................................

१९) तपाईंले बच्चा कहाँ जन्माउनु भयो ?

(क) घरमा (ख) अस्पतालामा (ग) स्वास्थ्य चौकी (घ) अन्य

२०) तपाईंको कुनै गर्भ खेर गएको छ ?

(क) छ (ख) छैन

२१) छ भने कतिवटा बच्चा खेर गएको छ ?

............................................................

२२) के भएर गर्भ खेर गएजस्तो लाग्छ ?

.....................................................................

२३) तपाईंका जन्मेका सबै सन्तान जिवीत छन् ?

(क) छन् (ख) छैनन्

२४) तपाईंको बच्चा जन्मदा कति तौलको थियो?

...............................................

२५) पहिलो वर्षभित्र तपाईंको बच्चालाई केके समस्या देखियो?

(क) निमोनिय (ख) झाडापखाला (ग) ज्वरो (घ) लहरेखोकी (ङ) अन्य

२६) थियो भने उपचार गर्न कहाँ लानु भयो ?

(क) घरैमा (ख) अस्पतालमा (ग) स्वास्थ्य चौकीमा

२७) तपाईंले बच्चालाई सबै प्रकारका खोपको मात्रा पूरा लगाउनु भएको छ ?

(क) छ (ख) छैन

२८) छ भने कुनकुन खोप लगाउनु भयो ?

(क) वि.सि.जि. (ख) डि.पि.टि. (ग) पोलियो (घ) माथिका सबै

२९ नलगाएको भए किन लगाउनु भएन् ?

(क) थाहा नपाएर (ख) स्वास्थ्य चौकी टाढा भएर (ग) समय नपुगेर (घ) अन्य

३०) बच्चा जन्माउँदा तपाईलाई कुनै शारिरीक समस्या देखियो ?

(क) देखियो (ख) देखिएन

३१) देखियो भने कस्तो समस्या देखा पऱ्यो ?

(क) तल्लो पेट दुख्ने (ख) पाठेघर झरेजस्तो हुने

ग) बढी रगत बगीरहने घ) अन्य समस्या

३२) कहाँ गएर उपचार गराउनु भयो ?

(क) स्वास्थ्य चौकी ख) अस्पताल ग) धामी लगाएर (घ) अन्य

३३) तपाईंलाई बच्चा पेटमा भएको बेला कुनै शारिरीक तथा मानसिक समस्या देखियो ?

(क) देखियो (ख) देखिएन

३४) देखियो भने कस्तो समस्या देखा पऱ्यो ?

(क) सेतो पानी बग्ने (ख) तल्लो पेट दुख्ने (ग) बढी रगत बग्ने (घ) अन्य

३५) उपचार कहाँ गएर गराउनु भयो ?

(क) घरायसी (ख) स्वास्थ्य चौकी (ग) धामी लगाएर घ) अन्य

३६) तपाईंले आफ्नो बच्चालाई कति समय सम्म आफ्नो दूध मात्र खुवाउनु भयो ?

(क) ३ महिना ख) ६ महिना ग) २ वर्षभन्दा बढी

३७) कति समय पछि बच्चालाई आफ्नो दूधसँग थप खाना खुवानु भयो ?

(क) ३ महिना ख) ६ महिना (ग) १ वर्ष पछि

३८) अन्य थप खानेकुरामा के खुवानु भयो ?

(क) लिटो (ख) गिलो भात (ग) झोलितो कुरा (घ) अन्य

३९) तपाईंको कुनै बच्चा शारीरिक रुपमा अपाङ्ग जन्मिएको छ ?

....................................................

# अनुसुचीः १
## प्रश्नावली

**घरसंख्या :** **मितिः**

**घरमूलीको नामः** **गणकको नामः**

**जिल्ला :**

**गाउँको नामः**

| क्र.स. | परिवारका सदस्यको नाम | घरमूलीको नाता | बैवाहिक स्थिति | लिङ्ग | उमेर | धर्म | पेसा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(१) तपाईंले विवाह आफू खुसी गर्नु भएको हो ?

(क) हो (ख) होइन

२) होइन भने कसरी विवाह गर्नु भयो ?

(क) आमा बुवाले भनेर (ख) करकापमा परेर (ग) अन्य कुनै कारण

३) विवाह गर्दा तपाईं कति वर्षको हुनुहुन्थ्यो ?

(क) १५ वर्ष भन्दा कम (ख) १५-४९ (ग) २०-२४ (घ) २५ भन्दा माथि

४) तपाईंले विवाह गरेको कति समय पछि पहिलो सन्तान जन्माउनु भयो ?

(क) १ वर्ष ख) २ वर्ष भित्रमा ग) ३/४ वर्ष पछि

५) तपाईं आफ्नो पहिलो सन्तान जन्माउँदा कति वर्षको हुनुहुन्थ्यो ?

(क) १५ वर्ष भन्दा कम (ख) १५-४९ (ग) २०-२४ (घ) २५ भन्दा माथि

६) हाल सम्म तपाईंका बच्चा कति ओटा छन् ?

.............................................................................................................

(७) तपाईंको विवाह कस्तो प्रकारको हो ?

(क) मागी (ख) प्रेम (ग) कानुनी (घ) अन्य

(८) तपाईंको परिवार किन विवाहको लागि राजी हुनुभयो ?

(क) परिवार सम्पन्न (ख) केटा जागिरे ग) पहिलो प्रस्ताव स्वीकार गर्न (घ) अन्य

(९) तपाईंलाई कानुनी वैवाहिक उमेर थाहा छ ?

(क) छ (ख) छैन्

१०) छ भने महिलाको कानुनी बैवाहिक उमेर कति हो ?

.......................................................

११) तपाईंको समुदायमा प्राय कुन उमेर समूहमा बढी विवाह हुन्छ ?

...................................................................

१२) किन त्यो उमेरमा बढी विवाह गरी दिएका हुन् ?

...................................................................

१३) तपाईंले छिटो विवाह किन गर्नु भयो ?

.........................................................

१४) बच्चा पेटमा रहेको बेला गर्भपरीक्षण गराउनु भयो ?

(ख) गराए (ख) गराइन

१५) कतिपटक गराउनु भयो ?

(क) १ पटक (ख) २ पटक ग) ३ पटक (घ) ४ पटक

१६) किन नगराउनु भएको ?

(क) स्वस्थ्यचौकी टाढा भएर (ख) लाज लागेर (ग) थाहा नपाएर (घ) घरमा पर्दैन भनेर

१७) गर्भवती भएको बेला टि.टि. खोप कतिपटक लगाउनु भयो ?

(क) एकपटक (ख) दुईपटक (ग) तीनपटक भन्दा माथि

१८) आइरन चक्की र क्याल्सियम क्याप्सुल समयसम्म खानुभयो ?

..................................................................

१९) तपाईंले बच्चा कहाँ जन्माउनु भयो ?

(क) घरमा (ख) अस्पतालामा (ग) स्वास्थ्य चौकी (घ) अन्य

२०) तपाईंको कुनै गर्भ खेर गएको छ ?

(क) छ (ख) छैन

२१) छ भने कतिवटा बच्चा खेर गएको छ ?

............................................................

२२) के भएर गर्भ खेर गएजस्तो लाग्छ ?

.....................................................................

२३) तपाईंका जन्मेका सबै सन्तान जिवीत छन् ?

(क) छन् (ख) छैनन्

२४) तपाईंको बच्चा जन्मदा कति तौलको थियो?

..............................................

२५) पहिलो वर्षभित्र तपाईंको बच्चालाई केके समस्या देखियो?

(क) निमोनिय (ख) झाडापखाला (ग) ज्वरो (घ) लहरेखोकी (ङ) अन्य

२६) थियो भने उपचार गर्न कहाँ लानु भयो ?

(क) घरैमा (ख) अस्पतालमा (ग) स्वास्थ्य चौकीमा

२७) तपाईंले बच्चालाई सबै प्रकारका खोपको मात्रा पूरा लगाउनु भएको छ ?

(क) छ (ख) छैन

२८) छ भने कुनकुन खोप लगाउनु भयो ?

(क) वि.सि.जि. (ख) डि.पि.टि. (ग) पोलियो (घ) माथिका सबै

२९ नलगाएको भए किन लगाउनु भएन् ?

(क) थाहा नपाएर (ख) स्वास्थ्य चौकी टाढा भएर (ग) समय नपुगेर (घ) अन्य

३०) बच्चा जन्माउँदा तपाईलाई कुनै शारिरीक समस्या देखियो ?

(क) देखियो (ख) देखिएन

३१) देखियो भने कस्तो समस्या देखा पऱ्यो ?

(क) तल्लो पेट दुख्ने (ख) पाठेघर झरेजस्तो हुने

ग) बढी रगत बगीरहने घ) अन्य समस्या

३२) कहाँ गएर उपचार गराउनु भयो ?

(क) स्वास्थ्य चौकी ख) अस्पताल ग) धामी लगाएर (घ) अन्य

३३) तपाईंलाई बच्चा पेटमा भएको बेला कुनै शारिरीक तथा मानसिक समस्या देखियो ?

(क) देखियो (ख) देखिएन

३४) देखियो भने कस्तो समस्या देखा पऱ्यो ?

(क) सेतो पानी बग्ने (ख) तल्लो पेट दुख्ने (ग) बढी रगत बग्ने (घ) अन्य

३५) उपचार कहाँ गएर गराउनु भयो ?

(क) घरायसी (ख) स्वास्थ्य चौकी (ग) धामी लगाएर घ) अन्य

३६) तपाईंले आफ्नो बच्चालाई कति समय सम्म आफ्नो दूध मात्र खुवाउनु भयो ?

(क) ३ महिना ख) ६ महिना ग) २ वर्षभन्दा बढी

३७) कति समय पछि बच्चालाई आफ्नो दूधसँग थप खाना खुवानु भयो ?

(क) ३ महिना ख) ६ महिना (ग) १ वर्ष पछि

३८) अन्य थप खानेकुरामा के खुवानु भयो ?

(क) लिटो (ख) गिलो भात (ग) झोलितो कुरा (घ) अन्य

३९) तपाईंको कुनै बच्चा शारीरिक रुपमा अपाङ्ग जन्मिएको छ ?

....................................................